दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ

# दंगीशरण गाउँपालिकाको बार्षिक प्रगति समिक्षा प्रतिवेदन २०७७/०७८

प्रतिवेदक

## दंगीशरण गाउँपालिकाको कार्यालय

## हेकुली, दाङ

**पृष्ठभूमी :**

दंगीशरण गाउँपालिकाको आ.ब. २०७७।०७८ मा संचालन भएका आयोजनाहरुको प्रगति समिक्षा कार्यक्रम दंगीशरण गाउँपालिकका अध्यक्ष श्री भागीराम चौधरीज्यूको अध्यक्षतामा मिति २०७८।३।३ गतेका दिन सम्पन्न गरियो । कार्यक्रममा दंगीशरण गाउँपालिकाका उपाध्यक्ष श्री पिमा कुमारी खड्का वली, प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्रकान्त पौडेल, लेखा अधिकृत सोमराज डाँगी लगाएत जनप्रतिनिधि, शाखा



प्रमुखज्यूहरुको उपस्थिति रहेको थियो ।

प्रगति समिक्षा कार्यक्रममा दंगीशरण गाउँपालिकाका सबै विषयगत शाखाका शाखाका प्रमुख प्रमुखहरुले आ.ब. २०७७।०७८ मा सम्पन्न गरेका आयोजनाहरुको बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । शाखा प्रमुखहरुले प्रस्तुत गर्नुभएको प्रतिवेदनको सारांश यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## १. परिचय

दंगीशरण गाउँपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत दाङ्ग जिल्लामा रहेको छ । यस गाउँपालिकामा साविकमा रहेका गोल्टाकुरी, श्रीगाउँ र हेकुली गाउँ विकास समितिको पूरै भूभागलाई मिलाईएको छ । ऐतिहासिक कथन अनुसार यस गाउँपालिकाको नजिकै पर्ने स्थान  हालको तुल्सीपुर उपमहानगरपालिका वडा

नं.११ स्थित सुकौरा भन्ने ठाउँमा थारु राजा दंगीशरणको दरबारको भग्नावशेष रहेको छ । उनले त्यहाँबाट आज भन्दा करीब ५०० बर्ष अघि दाङ जिल्लामा राज्य गरेको मानिन्छ । दंगीशरण राजाको दरबार यस गाउँपालिकाबाट नजिकै रहेको, उनी थारु जातिका भएको र यस गाउँपालिकाको केन्द्र रहेको साविक हेकुली गाउँ विकास समितिमा थारु जातिको बस्ती बाक्लो भएकोले यस गाउँपालिकाको नाउ दंगीशरण गाउँपालिका भनि नामाकरण गरीएको मानिन्छ । यस गाउँपालिकाको पूर्वमा तुल्सीपुर उपमहानगरपालिका, उत्तरमा शान्तिनगर गाउँपालिका, पश्चिममा बबई गाउँपालिका र दक्षिणमा लमही नगरपालिका र बाँके जिल्ला पर्दछ ।

भौगोलिक हिसाबले ८२ डिग्री ६ मिनेट देखि ८२ डिग्री १५ मिनेट ५० सेकेण्डपूर्वी देशान्तरसम्म र २८ डिग्री ५ मिनेट देखि २८ डिग्री ९ मिनेट ४५ सेकेण्ड उत्तरी अक्षांशसम्ममा फैलिएको छ । दंगीशरणको अधिकतम तापक्रम ३४.९ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा न्यूनतम ४.८ डिग्री सेल्सियससम्म पुग्न



जान्छ । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी थारु जाति ९,८०७ जना (४५.६५%), दोस्रोमा क्षेत्री ६,३२९ (२९.४६%) र तेस्रोमा ब्राह्मण (पहाडी) १,०६० (४.६९%) हरूको बसोबास रहेको छ ।

गाउँपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भने स्थानीय बासिन्दाको अरु आम्दानीको श्रोतको रुपमा साना उद्योग, व्यापार, सेवामुलक व्यवसाय, नोकरीको साथै वैदेशिक रोजगारी पनि हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम

अत्यधिक बढिरहेको छ । यस गाउँपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था पर्याप्त मात्रामा रहेका छैनन् ।

प्राविधिक तथा थप गुणस्तरीय शिक्षाको लागि गाउँपालिकाबाट अध्ययनका लागि स्थानीय विद्यार्थीका अन्य क्षेत्र जाने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होली, महाशिवरात्री, रामनवमी, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

## २. आ.व. २०७७/७८ को कुल बजेटको अवस्था :

| सि.न. | शिर्षक | अख्तियारी रकम | खर्च रकम | खर्च प्रतिशत | फ्रिज रकम | फ्रिज प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रम बजेट( पुँजिगत बजेट) | २७५६९६१९३ | २१६८२३६८९।७ | ७८.६४ | ५८८७२५०३ | २१.३६ |
| २ | संचालनखर्च बजेट(चालु बजेट) | २१५९७८२७३।५२ | १६०६२७३५२ | ७४.३८ | ५५३२७२०५ | २५.६२ |
| कुल बजेट | | ४९१६७४४६६ | ३७७४७४७५७.९ | ७६.७७ | ११४१९९७०८ | २३.२३ |

## ३. आ.व. २०७७/७८ मा सम्पन्न भएका योजनाहरुको विवरण

### क) वडास्तरीय योजनाहरु

| क्रम | वडा नं | जम्मायोजना | जम्मासम्पन्न भएका योजना | काम सम्पन्न नभएका वाँकी योजना | कैफियत |
|---|---|---|---|---|---|
| | | वडा | वडा | वडा | |
| १ | 1 | 53 | 38 | 15 | |
| २ | 2 | 41 | 34 | 4 | |
| ३ | 3 | 41 | 37 | 4 | |
| ४ | 4 | 30 | 28 | 2 | |
| ५ | 5 | 42 | 41 | 1 | |
| ६ | 6 | 29 | 26 | 3 | |
| ७ | 7 | 12 | 12 | 0 | |
| कुल जम्मा | | 248 | 216 | 29 | |

ख) पालिकास्तरीय योजनाहरु

| क्रम | वडा नं | जम्मायोजना | | जम्मासम्पन्न भएका योजना | | कामसम्पन्न नभएका बाँकी योजना | | विशेश्वर | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पालिका | वडा | पालिका | वडा | पालिका | वडा | | |
| | 1 | | 1 | | 1 | | 0 | | |
| | 2 | | 8 | | 8 | | 0 | | |
| | 3 | | 5 | | 5 | | 0 | | |
| | 4 | | 2 | | 2 | | 0 | | |
| | 5 | | 3 | | 3 | | 0 | | |
| | 6 | | 2 | | 2 | | 0 | 1 | |
| | 7 | | १ | | १ | | 0 | 1 | |
| | पालिका | 13 | 22 | 13 | 22 | 0 | 0 | | |

४. आ.व. २०७७/७८ मा सम्पन्न भएका योजनाहरुको प्रगति विवरण

| विषय/वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| कुलो | 375 | 674 | 1150 | 320 | 1065 | 970 | 500 | 5054 | मिटर |
| ग्राभेल | 3544 | 880 | 2900 | 1200 | 3515 | 2600 | 5000 | 19639 | मिटर |
| नया ट्रायाक | 700 | 1385 | 2500 | | | 100 | 1000 | 5685 | मिटर |
| कल्भर्ट | 2 | 3 | 3 | 7 | 3 | 4 | 3 | 25 | वटा |
| भवन | | 3 | 1 | 1 | 1 | 1 | 2 | 9 | वटा |

५. आ.व. २०७७/०७८ मा सम्झौता भएका ठूला योजनाहरुको विवरण

| क.सं. | कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| 1 | बहुउद्दश्यीय सभा हल निर्माण | सम्पन्न |
| 2 | आबुटनिया भवन निर्माण पहिलो तला.वि. | सम्पन्न |

| | | |
|---|---|---|
| 3 | शित भण्डार निर्माण योजना | |
| 4 | जस्ता पाता खरिद योजना | सम्पन्न |
| 5 | चितानपुर लिफ्ट सिंचाई योजना | सम्पन्न |
| 6 | रावतगाँउ कोटियागञ्जी कल्भर्ट निर्माण योजना | सम्पन्न |
| 7 | आवि बुटनिया भवन निर्माण दोस्रो तला. | |
| 8 | दमारगाँउ गोल्टाकुरी सडक निर्माण योजना | |
| 9 | हेकुली चोक चिरेगार सडक निर्माण योजना | |
| 10 | हेकुली चोक मौली सडक निर्माण योजना | |
| 11 | डाँडाँगाउँ हेकुली सडक निर्माण योजना | |
| 12 | बागर चोक देखि दामोदर चोक सडक निर्माण योजना | |
| 13 | एचपाइप खरिद योजना पी.डी. | सम्पन्न |

## ६. आ.ब. २०७७०७८ मा भएका उपलब्धिहरुः

क) स्वास्थ्य सेवा तर्फ

- कोभिड १९ को संक्रमण रोक्नका लागि दगीशरण गाउपालिकाका अग्रपंत्तीका कर्मचारी तथा जनप्रितिनिधहरुलाइ पहिलो र दोश्रो चरणको कोरोना विरुद्धको खोप लगाइएको ।
- ६५ वर्ष उमेर पुगेका व्यक्तिलाई कोरोना विरुद्धको पिहलो चरणको खोप प्रदान गरिएको छ भने दोश्रो चरणको खोप लगाउने प्रतिक्षामा रहेका छौं ।
- हात्तीपाइले विरुद्धको आम औषधी सेवन कार्यक्रम सम्पन्न भएको
- सबै स्वास्थ्य संस्थाहरुमा औषधीहरुको यथेस्ट व्यवस्था गरिएको
- प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँमा कोभिड १९ अस्थायी अस्पताल स्थापना भई सेवा प्रदान गरिएको ।
- स्वास्थ्यको मापदण्ड पूरा गरी गाउँपालिका र वडा कार्यालयहरुबाट नागरिकलाई सेवा प्रवाह गरिएको ।

**ख) पूर्वाधार तर्फ**

- यस आ.ब.मा संचालन भएका ठूला योजनाहरु मध्ये गाउँपालिकाको बहुउद्देश्यीय सभाहलको निर्माण कार्य सम्पन्न गरिएको
- वडा नं. १, ४, ५ र ७ मा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य सम्पन्न
- आधारभूत विद्यालय बुटनियाको दुई तले भवन,
- सामूदायिक सिकाई केन्द्रको भवन,
- दोरिया कुलोको निर्माण कार्य सम्पन्न भएको छ ।
- दंगीशरण गाउँपालिकाको गौरवका योजनाहरु मध्ये हेकुली चिरेगार सडक कालोपत्रे, हेकुली बालुवा सडक कालोपत्रे, बागर थपगाउँ सडक कालोपत्रे, दमारगाउँ गोल्टाकुरी सडक कालोपत्रे, डाडागाउँ वडा कार्यालयदेखि पोटली डवरा हुँदै हेकुली सडक सम्म कालोपत्रे,

- वडा नं. १ र ६ मा खानेपानी योजना, वडा नं. १, २, ४, ५ र ७ को वडा कार्यालय भवन, थारु कल्चरल भिलेज, सित भण्डार केन्द्रको ठेक्का सम्झौता भई निर्माण कार्यको अन्तिम चरणमा रहेका छन् ।
- दंगीशरण गाउँपालिकाको प्रशासनिक भवन, बागरमा १५ सैयाको अस्पताल निर्माण, कलम खोलामा पक्की पूल निर्माण योजनाको ठेक्का सम्झौता भई कार्यान्वयन प्रक्रियामा रहेका छन् ।
- आ.ब. २०७७।०७८ मा दंगीशरण मार्गको ५०० मीटर पक्की भई गाउँपालिका केन्द्र हेकुलीसम्म पक्की सडक निर्माण भएको छ ।
- पूर्वाधार विकास तर्फ ६ किलोमिटर ग्राभेलिङ, ५ किलोमिटर ५ सय मिटर नयाँ ट्रयाक निर्माण, १३ वटा कल्भर्ट, सिचाईको लागि २ किलोमिटर पक्की कूलो, विभिन्न स्थानमा गरी दुई किलोमिटर पर्खाल, निर्माण भएको ।
- ५ वटा वडा भवनहरु निर्माण सम्पन्न हुने छन् ।
- वस्ती विकास कार्यक्रम अन्तर्गत ७ वटै वडामा खरका छाना भएका विपन्न समूदायका २ सय ५५ घर धुरीलाई जस्तापाता वितरण गरिएको छ ।

- पर्यावरण संरक्षण आजको सबैभन्दा ठूलो चुनौती रहेको कुरालाई मध्येनजर गर पूर्वाधार निर्माणका कार्य अघि बढाउदा वातावरणीय प्रभाव मूल्याकंन गरी योजना तर्जुमा गर्ने गरिएको छ ।

## ग) कृषि विकास तर्फ

- कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषि यन्त्र वितरणको काम सम्पन्न गरिएको
- मौसमी तथा व्यमौसमी तरकारी विउ वितरण, गहुको विउ वितरण, च्याउको विउ वितरण, मौरी पालक कृषकलाई मौरीघार तथा मौरी जन्य समाग्री वितरण कार्यक्रम सम्पन्न
- आकष्मिक बाली संरक्षण सेवाका लागि विषादी वितरण कार्यक्रम सम्पन्न भएका छन् ।
- प्रधानमन्त्री आधुनिकरण परियोजना अन्तर्गत पकेट विकास कार्यक्रमहरु संचालनमा रहेका छन् भने कोभिड विशेष कार्यक्रम, एक स्थानीय तह एक बाली उत्पादन कार्यक्रम संचालन भई किसानहरु लाभान्वित भएका छन् ।

## घ) पशु विकास तर्फ

- पशु उपचारको लागि प्रयाप्त मात्रामा औषधीको व्यवस्था गरिएको छ ।
- ४ हजार पशु चौपायामा पिपि आर भ्याक्सीन
- ७ सय पशु चौपायमा खोरेत भ्याक्सिन प्रदान गरिएको छ ।
- गाउँपालिका पशु चौपायहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम शुरु गरिएको
- घुम्ति शिविर संचालन गरी किसानहरुको पशु चौपायको उपचार गरिनुका साथै हिउदे घाँस वर्षे घाँस वितरण कार्यक्रम सम्पन्न भएको छ ।

## घ) शिक्षा तर्फ

- जनता आधारभूत विद्यालय बुटनियामा ४ कोठे भवन, तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत मावि मधपुरमा ४ कोठे भवन र वास शौचालय, लक्ष्मीनारायण आधारभूत विद्यालय सलौरामा वास शौचालय निर्माण भएका छन् । यसै गरी श्री सिद्धपृथ्वीजनता मावि श्रीगाउँमा विज्ञान प्रयोगशाला र आधारभूत विद्यालय बाँकी वेटारपुरमा आइसिटी ल्यावका लागि अनुदान उपलब्ध गराइएको छ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यकम अन्तर्गत जनता आधारभूत विद्यालय बुटनियामा पुस्तकालय तथा विज्ञान प्रयोगशाला र आइसिटी ल्याबको स्थापना तथा वीरेन्द्र मावि हेकुलीमा शिक्षामा नविन प्रविधि प्रवर्धन र सिकाइ सामग्री तथा उपलब्धी अभिवृद्धि कार्यकम सञ्चालनमा ल्याइएको छ । यसबाट विद्यालयको संस्थागत क्षमता अभिवृद्धि र विद्यार्थीका लागि सिकाइमैत्री वातावरण सिर्जना भएको छ ।

- विद्यालय भवन निर्माण तथा मर्मत, शौचालय र घेरबार लगायतका कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरुको पठनपाठन र सिकाईको वातावरण निर्माण गर्ने कोशिस गरिएको छ । जहाँ विद्यार्थी, त्यहाँ शिक्षक भन्ने अवधारणलाई कार्यान्वयन गर्न दरबन्दी मिलान तथा शिक्षण सहयोग अनुदानको व्यस्था गरी न्युनतम जनशक्ति व्यवस्थापनमा सहयोग पुर्याइएको छ । यसै गरी २०७६ को शैक्षिक सत्रबाट सिद्ध पृथ्वी जनता माध्यामिक विद्यालय श्रीगाउँमा माध्यामिक तहमा प्राविधिक धार अन्तर्गत वाली विज्ञानको कार्यक्रम शुरु भएको छ, यसबाट प्राविधिक सीप आर्जन गरी स्वरोजगार बन्ने अवसर सिर्जना भएको छ ।

- आ.ब. २९७७।०७८ मा सामुदायिक विद्यालयबाट कक्षा १० उत्तीर्ण भई सामुदायिक विद्यालयमा नै कक्षा ११ मा विज्ञान विषय अध्ययन गर्ने १२ जना विद्यार्थीलाई मासिक रु १५००। का दरले छात्रवृति उपलब्ध गराइएको छ । यसैगरी प्राविधिक विषयको पठनपाठन गाउँपालिका भित्र हुने व्यवस्थाले शिक्षामा उत्साह थपिएको छ ।

**ङ) न्यायिक समिति तर्फ**

- आ.ब. २०७७।०७८ मा दंगीशरण गाउँपालिकाको न्यायिक समितिमा २६ वटा मुद्दा दर्ता भएकोमा १ मुद्दा खारेज भएको, १ वटा मुद्दा अदालत पठाइएको, १ वटा मुद्दा फिर्ता लिएको, ३ वटा मुद्दाको निर्णय भएको ७ वटा मुद्दा मिलापत्र भएको छ भने बाँकी मुद्दाहरुका विषयमा विचाराधिन रहेका छन् । ।

**च) महिला विकास तर्फ**

- महिलाहरुको क्षमता विकासका लागि सिपमूलक सिलाई कटाई तालिम संचालन गरिएको छ,
- लैगिक हिंसा न्यूनिकरण, घरेलु हिंसा नियन्त्रण, बाल विवाह न्यूनिकरण जस्ता तालिम संचालन गरिएको छ ।
- दंगीशरण गाउँपालिकामा घरेलु हिंसा तथा बाल विवाहमा कमी आएको छ ।
- जेष्ठ नागरिक, अपांग, दलितहरुका बालबालिकाहरुलाई समयमै समाजिक सुरक्षा भत्ता प्रदान गरिएकोले लक्षित वर्गलाई सामाजिक सुरक्षण प्रदान भएको छ ।

**छ) संस्थागत सुशासन तर्फ**

- संस्थागत विकास तर्फ गाउँपालिका तथा वडा कार्यालयमा इन्टरनेट जडान गरिएको छ, जसबाट सेवा प्रवाहमा प्रविधिको प्रयोग गरी सेवा प्रभावलाई प्रभावकारी बनाउन सहयोग पुगेको छ ।
- २०७८ साल बैशाख २ गतेबाट व्यक्तिगत घटना दर्ता अनलाई माध्यमबाट शुरु गरिएको छ ।
- आ.ब. २९७७।०७८ मा १ हजार ९ सय ७८ जना व्यक्तिहरुले समाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन् ।

- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले आगामी आ.ब.को लागि वित्तिय समानिकरण अनुदान बाडफाँड गर्दा अपनाउने कार्य सम्पादन स्तरको सूचकमा हाम्रो गाउँपालिका दाङ जिल्लामा पहिलो भएको छ ।
- २८. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी जनमुखी र सेवाग्राहीमैत्री बनाउन नागरिक वडापत्रको उपयोग इमेल इन्टरनेट तथा रेडियो कार्यक्रम मार्फत सेवामा पहुँच पुचाउन हरसम्भव प्रयास गरिएको छ । कार्यालयका सबै गतिविधिलाई आम नागरिक समक्ष पुऱ्याउने उद्देश्यले वेवसाइटमार्फत सार्वजनिक गर्ने गरिएको छ ।

**ज) भूमि व्यवस्थापन तर्फ**

- दंगीशरण गाउँपालिका भित्र रहेका भूमि सम्बन्धी समस्या समाधानका लागि भूमिहिन दलित १ सय ७५, भूमिहीन सुकुम्वासी १ सय ८२, र अव्यवस्थित बासोबासीको ३ हजार ३ सय ६४ गरी जम्मा ३ हजार ७ सय ३ जनाको लगत

संकलन गरिएको छ । यिनीहरुको अनलाई डाटा इन्ट्री, फिल्डमा नापजाँचको काम गर्न बाँकी रहेको छ । तत्काल संचालन गरिने छ ।

**झ) स्वरोजगार तर्फ तर्फ**

- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आ.ब. २०७७०७८ मा कामका लागि पारिश्रमिकमा आधारित आयोजना अन्तर्गत करिब ५ सय जना बेरोजगार भएकाहरुलाई रोजगारी प्रदान गरिएको छ ।

आज मिति २०७८ साल असार ३० गतेका दिन दंगीशरण गाउँपालिका अध्यक्ष श्री भागीराम चौधरी ज्यूको अध्यक्षतामा दंगीशरण गाउँपालिकाको आ. ब.२०७७।०७८ को बार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न गरियो ।

उपस्थिती

अध्यक्षताः श्री भागीराम चौधरी, गा.पा. अध्यक्ष

अतिथी श्री पिमा कुमारी खड्का ओली, गा.पा. उपाध्यक्ष

अतिथी श्री चन्द्रकान्त पौडेल प्रमुख प्रशासकीय अधिकृत

श्री सोमराज डाँगी, लेखा अधिकृत

श्री श्रीप्रसाद चौधरी, १ नं. वडा अध्यक्ष

श्री तुलसीरामदेवकोटा २ नं. वडा अध्यक्ष

श्री ~~पूर्ण बहादुर चौधरी ३~~ नं. वडा अध्यक्ष

श्री नेपबहादुर कवरमगर ४ नं. वडा अध्यक्ष

श्री दिपक गौतम ५ नं. वडा अध्यक्ष

श्री टंकबहादुर वली ६ नं. वडा अध्यक्ष

श्री विरबहादुर वली ७ नं. वडा अध्यक्ष

श्री कमानसिंह सार्की कार्यपालिका सदस्य

श्री हरिप्रसाद कामी, कार्यपालिका सदस्य

श्री दिलकुमारी वि.क. कार्यपालिका सदस्य

श्री हिरा चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्री थरुनी कार्यपालिका सदस्य

श्री अंगने चौधरी कार्यपालिका सदस्य

[illegible] छोटीराम चौधरी [illegible]

श्री विनोद अधिकारी

यादव [illegible]

हिरा चौधरी महिला सदस्य

निया चौधरी ''

[illegible] कवर ''

खिम बहादुर थापा ५ नं. सदस्य

नन्दा विश्वकर्मा वडा १ महिला सदस्य

जानकी जानकी १ '' ''

प्रेमला ममता परियार ६ वडा सदस्य

अमृता अमृता वि.क. वडा सदस्य

लीला लिलावती ढमेनी ५ नं वडा सदस्य

मुना देवी सुनार ''

विमला विमला नेपाली वडा सदस्य

स्मिता लामिछाने वडा सचिव

योगमाया कंवर इन्जि प्राविधिक

शम्भु ज्ञवाली अधिकृत [illegible]

सुनिता दमाल सहायकस्तर चौथो

उमा के.सी. प्र.शि. शिक्षा

पविना के.सी. सहायकस्तर चौथो

भीम बहादुर डाँगी '' पाँचौं

दामोदर आचार्य अधिकृत [illegible]

उमेश चौधरी वडा सदस्य

देवराज रेउले ''

टिकाराम टिकाराम

लछिमा चौधरी लछिमा चौधरी

भुप बहादुर खड्का

सितराम सितराम चौधरी

सुकलाल चौधरी ३ नं. वडा सदस्य

आकृति पाण्डे योजना शाखा

[illegible] रवि ज्ञवाली

कालुराम चौधरी कम्प्युटर अपरेटर

कृष्णलाल कृष्णलाल चौधरी ४ न. वडा वडा सदस्य

दशरथ गिरी
दिल्लीश्वर चौधरी
लेखनाथ आचार्य
कीन पोखरेल
प्रमोद गिरी ४ नं वडा समिति
देव थपलिया ६ नं वडा समिति
एकराज सुवेदी गा.प.स्वा.प्र.
प्रेम प्रकाश चौधरी ५ नं समिति
दिपक के.सी.
मि कृष्णा हमाल

**प्रस्तावहरुः**

१. दंगीशरण गाउँपालिकाको आ.ब. २०७७।०७८ को बार्षिक प्रगति समिक्षा सम्बन्धमा ।

२. दंगीशरण गाउँपालिकाको आ.ब. २०७७।०७८ को बार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गर्ने सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

**निर्णयहरु**

१.प्रस्ताव नं. १ माथि छलफल गर्दा दंगीशरण गाउँपालिकाको आ.ब. २०७७।०७८ को स्विकृत बार्षिक कार्यक्रम अनुसार गाउँपालिकाको ७ वटै वडा कार्यालय, प्रदेश सरकार, संघीय सरकार ससर्त बजेट, कार्यालयबाट विनियोजित भएका योजना तथा कार्यक्रमहरुहरुको गाउँपालिकाको सबै विषयगत शाखा तथा इकाईहरुबाट योजनाहरुको बार्षिक प्रगति, खर्च विवरण, उपलब्धी, समस्या तथा चुनौती एवं समाधानका विषयहरुका विस्तृत रुपमा छलफल एवं समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा दंगीशरण गाउँपालिकाको बार्षिक प्रगति समिक्षा कार्यक्रममा सबै शाखा तथा इकाई प्रमुखहरुले पस्तुत गर्नुभएको बार्षिक प्रगति प्रतिवेदन एक पुष्ट रुपमा तयार गरी गाउँपालिकाको वेइवसाइट तथा छपाई गरी मिति २०७८ साल कार्तिक मसान्त भित्र सार्वजनिक गर्ने निर्णय गरियो ।

३. गाउँपालिका तथा वडा कार्यालयहरु, विभिन्न शाखा तथा इकाईहरुबाट कार्यक्रम संचालन गर्दा आइपरेका समस्याहरुलाई एक आपसमा छलफल एवं आवश्यक नीति, नियम तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

४. दंगीशरण गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा सार्वजनिक गर्ने निर्णय गरियो ।